जि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ७० २०८१ साल असोज २२ गते मंगलबार (8 Oct. 2024 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np




*यस अंक भित्र :* २ पृष्ठमा : हमास आक्रमणको एक बर्ष :... ३ पृष्ठमा : प्रधानमन्त्री रोजगार कार्यक्रम ... ३ पृष्ठमा 'युद्धविरामका लागि इजरायल ...

## चाडपर्वमा सस्तो पसल संचालनमा आउन सकेन



**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**

चाडपर्वको बेला पनि राजविराजमा सुपथ मुल्यमा सस्तो पसल संचालनमा आउन सकेको छैन । दशै, तिहार तथा छठ पर्वलाई लक्षित गरी चार/पाँच वर्ष अघि लाग्दै गरेको सुपथ मुल्यमा सस्तो पसल यस पटक भने संचालनमा आउन सकेको छैन् ।

चाड पर्वलाई मध्यनजर गर्दै विगतमा उधोग बाणिज्य संघको पहलमा सुपथ मुल्यमा सस्तो पसल संचालन गरिदै आएको थियो । जसकारण उपभोक्तामा निराशा देखिएका छन् । विगतमा स्थानीय प्रशासन र उधोग बाणिज्य संघको पहलमा दैनिक उपभोग्य बस्तुको सस्तो पसल संचालन हुदै आएको थियो ।

स्थानीयस्तरमा सस्तो र गुणस्तरीय उपभोग्य सामान पाइन्छ भन्ने सन्देश दिन पनि चाडवाडका बेला सस्तो बजार खोल्नु पर्ने आवश्यकता ।स्रहेको स्थानीय बिरेन्द्र साह बताउछन् । राजनीतिकर्मी गजेन्द्र मण्डल नेपाली ग्राहकहरुको अहिले सीमावर्ती भारतीय बजार कुनौलीमा भीड लाग्ने गरेको भन्दै नेपाल मै पनि भारतीय बजार जस्तै सस्तो सामान उपलब्ध गराउने गरि सस्तो पसल संचालन आवश्यक रहेको बताउँछन । उपभोक्ताको भारतीय बजार कुनौली मोह रोक्न पनि सस्तो बजार संचालनलाई निरन्तरता दिनु पर्ने उनको सुझाव समेत छ ।

उधोग बाणिज्य महासंघका केन्द्रीय सदस्य अरुण प्रधानले सीमावर्ती भारतीय बजारम कायम रहेको उपभोग्य सामग्रीको दररेट अनुसार नै यहाँ पनि सोही अनुसार कायम गर्न सकेमात्र सस्तो पसलको औचित्य रहने बताउँछन । उनी भन्छन, "१० किलोमिटर मात्रको दुरीमा रहेको भारतको कुनौली बजारमा पाइने समान र त्यहाँ कायम मूल्य यहाँ कायम नगरे सम्म सस्तो पसल खोले पनि ग्राहक आउने सम्भावना न्युन छ ।"

नागरिक समाज सप्तरीका अध्यक्ष थानसिह भन्सालीले भ्याट र उच्च भन्सार शुल्कका कारण यहाँ भन्दा ३० देखी ४० प्रतिशत सम्म कमदरमा भारतीय बजारमा सरसमान पाइने भएकाले यहाँका उपभोक्ताको भारतीय बजार तर्फ आकर्षण बढेको बताए । उनी भन्छन्, "त्यहाँ घटि तौल दिए पनि, नक्कली समान दिए पनि सस्तोमा पाइन्छ भन्ने सोचका कारण पनि यहाँका उपभोक्ता उत्तै जाने गरेका छन ।"

उधोग बाणिज्य संघ सप्तरीका अध्यक्ष लालुप्रसाद अग्रवालले चाड पर्वका बेला पनि यहाको बजार सुनसान र सीमावर्ती भारतको कुनौली बजार गुलजार देखिएको बताए । "चाड पर्वका बेला पनि बजारमा कारोबार छैन, व्यापारीमा उत्साह छैन, ऋण लिएर दशै तिहार र छठ पर्वका लागी समान किनेर पसलमा राखेका छन, उनले भने-तर ग्राहकको अतोपतो छैन ।"

उनले यस्तो समस्या समाधानका लागी सरकारी स्तरबाटै आवश्यक पहल हुनु जरुरी रहेको बताए ।

## एकै दिनमा विवाद समाधान, सडकको शिलान्यास र निर्माण कार्य पनि सुरु



**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**

बाटोमा जग्गा दिने विषयलाई लिएर हुने गरेको विवाद वर्षौ दिनसम्म चल्ने गरेको उदाहरण प्रसस्तै देख्न र सुन्न पाइन्छ । विवाद समाधान भएपनि त्यस कार्यलाई कार्यान्वयन गर्न अझै केही समय लाग्छ । तर, सप्तरीमा भने एउटा नौलो उदाहरण बनेको छ ।

जिल्लाको राजगढ गाउँपालिका वडा नं. ४ बेल्ही चपेनास्थित लवटोलियाका वासिन्दाहरु पनि सडकका लागि जग्गा छाड्ने विषयमा वर्षौंदेखी विवाद गर्दै आइरहेका थिए । जसकारण लामो समयदेखी सवारी आवागमन र पैदल आउजाउमा समेत समस्या झेलिरहेका थिए ।

सोमबार गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डल, वडाअध्यक्ष अशोक साह, समाजसेवी तथा राष्ट्रिय मुक्ति क्रान्ति नेपालका केन्द्रिय सदस्य गजेन्द्र कुमार मण्डल र स्थानीय भरभलादमीको पहलमा विवादित स्थानको विवाद समाधान गर्दै सोही दिन शिलान्यासदेखी सडक निर्माणको कार्य समेत सुरु गरिएको छ ।

उक्त टोलमा ४५ घरधुरी परिवारको बसोवास छ । टोलवासीले लामो समयदेखी आउजाउमा समस्या भएको भन्दै सडक निर्माणको माग गर्दै आएका थिए । तर दुई पक्षले आ-आफ्नो नम्बरी जग्गा भएको दाबीका साथ उक्त जग्गाको ५० मिटरजतिको भागमा टाटी लगाएर घेरवार नै गरेपछी सडक बनाउन समस्या भएको थियो ।

गउँपालिका अध्यक्ष मण्डलसहितको टोलीले दुबै पक्षलाई राखी सार्वजनिक महत्वको काममा अवरोध नगरि सहयोग गर्न आग्रह गरेपछि विवाद गर्दै आएका दुबै पक्षले सहमति जनाउँदै उक्त जग्गाबाट घेरबार गरिएका टाटीहरु हटाएका छन् ।

सहमति भए लगत्तै गाउँपालिका अध्यक्ष मण्डलले उक्त स्थानमा चार मिटर चौडाई र पाँच सय मिटर लम्बाईको सडक निर्माणको शिलान्यास समेत गरेका छन् । शिलान्याससँगै सडकको निर्माण कार्य पनि सोमबारदेखी नै सुरु भएको छ ।

सडक निर्माण भएपछी उक्त टोलका मात्र नभई आसपासका टोलका वासिन्दा समेत लाभान्वित हुने गाउँपालिकाले जनाएको छ ।

**प्रेस काउन्सिल नेपालको आ.व. २०७८/०७९ को पत्रपत्रिका वर्गीकरणको पुनरावलोकनसहितको अन्तिम नतिजामा राजविराज दैनिक पुनः "क" वर्गमा पर्न सफल भएको छ ।**

## बाढीपहिरोमा परी मृत्यु हुनेको संख्या २ सय ४६

काठमाडौं, २१ असोज (रासस) ।

यही असोज १० देखि १२ गतेसम्मको भारी वर्षाका कारण आएको बाढीपहिरोमा परेर सोमबारसम्म मृत्यु हुनेको संख्या दुई सय ४६ पुगेका छन् ।

नेपाल प्रहरीले सोमबार सार्वजनिक गरेको विवरणअनुसार सोमबारसम्म एक सय ७८ घाइते भएका छन् भने १८ जना बेपत्ता रहेको गृहमन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार कूल १७ हजार एक सय ७४ को उद्धार गरिएको छ । सबैभन्दा ठूलो जनधनको क्षति बागमती प्रदेशमा भएको र त्यसमा पनि काठमाडौं उपत्यकामा धेरै क्षति भएको छ । बागमतीमा मात्रै एक सय ३९ जनाको मृत्यु भएको छ ।

एक सय ७६ आश्रित परिवारलाई 'विपद् पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०७७' बमोजिम राहत रकम उपलब्ध गराइएको छ । प्रभावित परिवारलाई नगद सहायता तथा राहत सामग्री वितरण जारी रहेको उहाँले जानकारी दिनुभयो ।

मन्त्रालयअन्तर्गत केन्द्रीय विपद् गोदाममा रहेको राहत सामग्री जिल्ला विपद् व्यवस्थापन समितिको मागको

*बाँकी तीन पृष्ठमा*

हार्दिक मंगलमय शुभकामना





विजयादशमी २०८१ को पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति तथा अमनचयनको कामना गर्दै सम्पूर्ण गाउँपालिकावासी तथा कर्मचारीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**बिजय कुमार यादव**
**अध्यक्ष**

**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय**
**गोइठी, सप्तरी**

